# बैठक नं. ३

आज मिति २०८१/०५/३१ गते यस सरावल गाउपालिका गाउकार्यपालिकाको कार्यालयमा गाउपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरी थारुको अध्यक्षतामा तथा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताब उपर छलफल गरि निर्णय गरियो ।

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद भट्टराइ | सदस्य | |
| ४ | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्ष्मण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | |
| १२ | ज्ञान्ती कुमारी चौधरी | सदस्य | |
| १३ | नेमा चौधरी | सदस्य | |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | |
| १६ | विशाल मिश्रा | सचिव | |

**अन्य आमन्त्रित सदस्य**

१. नारायण पाण्डेय- लेखा अधिकृत

२. तुफानिलाल गुप्ता तेली का.वा.वडा अध्यक्ष

३. बुद्धन प्रसाद चौधरी का.वा. वडा अध्यक्ष

४. इश्वरी प्रसाद खनाल योजना अधिकृत

५. रेखा कोहार

६. रंगिला चौधरी कार्यालय सहयोगी

७. नर्मदा यादव नगर प्रहरी

बैठक नं. ३

२०८१ भाद्र ३१ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

| क्र.स | शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | ➢ मिति २०८१/०४/१६ को कार्यपालिकाको निर्णय समिक्षा गरियो |
| २ | प्रशासन शाखा | ➢ आरति एग्रो ईण्डस्ट्रिज प्रा.लि., सरावल -३ को मिति २०८१।०५।१९ गतेको प्राप्त निवेदनानुसार सो उद्योगको नाममा जग्गा खरिद गर्दा लाग्ने दस्तुर रकममा पाउने नियमानुसार छुटको लागि सिफारिस माग भएकोमा लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ को खण्ड ८ बुँदा ४ मा भएको व्यवस्था बमोजिम माथि उल्लेखित प्रा.लि. को नाउँमा रहेको जग्गा दर्ता दस्तुरमा नियमानुसार छुटको लागि मालपोत कार्यालय नवलपरासी ब.सु.प.मा सिफारिस गर्ने, |
| ४ | योजना शाखा | ➢ गाउँपालिकाको गाउँ गौरवको आयोजनाको रुपमा रहेको "प्रशासकीय भवन" निर्माणको लागि स्रोत सुनिश्चितताको लागि देहाय बमोजिमको निर्णय गर्ने<br>आ.व. २०८१।८२ का लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि गाउँपालिकाबाट रु. १,५०,००,०००/-(अक्षरुपी: रु. एक करोड पचास लाख मात्र) विनियोजन भएको साथै स्वीकृत DPR तथा हालको आवश्यकता बमोजिम कारिब रु. १०,५०,००,०००/-(अक्षरुपी: रु. दश करोड पचास लाख मात्र)को टेन्डर आह्वान गर्नुपर्ने देखिएको हुँदा शहरी विकास मन्त्रालय अन्तरगतको स्थानीय पुर्वाधार विभागमा "स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" बमोजिम बजेट मागको लागि पेश गरिसकेको हुनाले सो को सुनिश्चितता भए कार्यविधि बमोजिम गर्ने तथा सुनिश्चितता नभएको खण्डमा आगामि आ.व.मा समपुरक योजना अन्तरगत माग र गाउँपालिकाबाट अन्य आन्तरिक स्रोतबाट साझेदारी गर्ने गरी स्रोत व्यवस्थापन गर्ने, |
| ४ | योजना शाखा | ➢ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं विकास सहायता समन्वय शाखाको मिति २०८१।०३।०५ च.नं. ४२२ को पत्रानुसार यस गाउँपालिकाबाट उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तरगत १५ शैय्या अस्पताल निर्माण आयोजनाको लागि "आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८०" को अधिनमा रही आयोजनाको कुल लागतको ५% रकम लागत साझेदारीको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने, |

| | | |
|---|---|---|
| ५ | योजना शाखा | ➢ सरावल गाउँपालिकाको वडा नं. ३, ४ तथा ७ को स्वास्थ्य चौकी भवनको लगि प्राप्त संघिय विशेष अनुदान तथा अनुदान रकम भन्दा बढी हुन आउने लागत अनुमान रकमको स्रोत सुनिश्चितता अन्य योजनामा लागत साझेदारी शिर्षक तथा मर्मत संभार कोषबाट हुनेगरी ठेक्का आह्वान गर्ने, |
| ६ | आर्थिक प्रशासन | ➢ राजश्व परामर्श समितिको मिति २०८१।०५।२८ गतेको निर्णय अनुमोदन गरी स्वीकृतीका लागि आगामी गाउँसभाको बैठकमा पेश गर्ने, |